**माछापुच्छ्रे बैंक लिमिटेड**
**निर्वाचन अधिकृतको कार्यालय**
**लाजिम्पाट, काठमाण्डौ ।**
**निर्वाचन कार्यक्रमको सूचना ॥**

माछापुच्छ्रे बैंक लिमिटेडको मिति २०८१ पौष २८ गते (तदनुसार १२ जनवरी, २०२५) आइतबारका दिन २६औं वार्षिक साधारण सभाको मिति तोकिएको र उक्त मितिमा हुने वार्षिक साधारण सभाबाट बैंकको नियमावलीको नियम ८(२)(ख) बमोजिम सर्वसाधारण शेयरधनी समूहको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३(तीन) जना सञ्चालक पदको निर्वाचनको प्रयोजनको लागि संचालक निर्वाचन निर्देशिका, २०७५ बमोजिम निम्न बमोजिमको निर्वाचन कार्यक्रम प्रकाशित गरिएको ब्यहोरा जानकारी गराईन्छ ।

| क्र स | कार्यक्रम | मिति | समय | | स्थान |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १ | मतदाता नामावली प्रकाशन गर्ने | २०८१/०९/१८ | ११:०० बजे | १२:०० बजे | निर्वाचन अधिकृतको कार्यालय माछापुच्छ्रे बैंक लिमिटेड केन्द्रिय कार्यालय लाजिम्पाट, काठमाण्डौ । |
| २ | मतदाता नामावली उपर दावि विरोध गर्ने | २०८१/०९/१८ | १२:३० बजे | २:३० बजे | ऐ. ऐ. |
| ३ | मतदाता नामावली उपर परेको उजुरीको छानविन तथा निर्णय | २०८१/०९/१८ | ३:०० बजे | ४:०० बजे | ऐ. ऐ. |
| ४ | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | २०८१/०९/१८ | ४:१५ बजे | ५:०० बजे | ऐ ऐ |
| ५ | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | २०८१/०९/१९ | ११:०० बजे | १:०० बजे | ऐ ऐ |
| ६ | उम्मेदवारहरुको प्रथम नामावली प्रकाशित गर्ने | २०८१/०९/१९ | १:३० बजे | २:०० बजे | ऐ ऐ |
| ७ | उम्मेदवारी उपर दाबि विरोध गर्ने | २०८१/०९/१९ | २:३० बजे | ४:३० बजे | ऐ ऐ |
| ८ | उम्मेदवारको मनोनयन पत्रको जाँच र उजुरी उपरको निर्णय | २०८१/०९/२१ | ११:०० बजे | १२:०० बजे | ऐ ऐ |
| ९ | उम्मेदवारको नाम फिर्ता लिने | २०८१/०९/२१ | १२:३० बजे | ३:०० बजे | ऐ ऐ |
| १० | उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने | २०८१/०९/२१ | ३:३० बजे | ४:३० बजे | ऐ ऐ |
| ११ | मतदान गर्ने | २०८१/०९/२८ | मतदान गर्ने समय २ घण्टा प्रदान गरिने | | साधारणसभा स्थल, होटल पोखरा ग्राण्ड, पार्दी, पोखरा, कास्की । |
| १२ | मतगणना गर्ने | मतदान कार्य समाप्त भएपछि | | | ऐ ऐ |
| १३ | निर्वाचन परिणाम घोषणा गर्ने | मतगणना कार्य समाप्त भएपछि | | | ऐ ऐ |

दृष्टव्य :

१. मतदान कार्य मिति २०८१/०९/२८ गते संचालन हुने बार्षिक साधारण सभाको लागी तोकिएका अन्य बिषयहरुमा छलफल सकिए पश्चात कम्तीमा २ घण्टा (वा उपस्थित शेयधनीहरु र प्रतिनिधि समेतले मतदान गर्ने कार्य समाप्त नभएसम्म) मतदान गर्नकोलागी समय दिईने छ ।

२. निर्बाचनमा मतदानको कार्यक्रम समाप्त भएपछि मत गणनाको कार्य सुरु गरीनेछ ।

३. मतगणना कार्य समाप्त भएपछि निर्बाचन परिणाम घोषणा गरीनेछ ।

४. सभामा भाग लिने र मतदान गर्ने ब्यक्ती एउटै हुनुपर्ने छ ।

५. संचालक पदमा उम्मेद्वार हुन चाहने शेयरधनिले निर्बाचन सम्बन्धि कार्यक्रममा तोकिएको समयमा तोकिएको ढाँचा बमोजिमको उम्मेदवारीको दरखास्तमा एकजना प्रस्ताबक र एकजना समर्थक सहित उम्मेदवारी दर्ता गर्नुपर्ने छ । एउटा उम्मेदवारको प्रस्तावक र समर्थकले अन्य कुनै पनि उम्मेदवारको प्रस्तावक र समर्थक हुन पाउने छैन । आफ्नो उम्मेदवारी फिर्ता लिन चाहेमा तोकिएको समयमा फिर्ता लिन सक्ने छ, तर संचालक समितिको अध्यक्षले अनुमति दिएमा सो समय पछि पनि उम्मेदवारले आफ्नो नाम उम्मेदवारीबाट फिर्तालिन सक्नेछ ।

६. संचालकको निर्वाचनमा उम्मेदवार हुन चाहने शेयरधनीले बैंकको कम्तिमा १००(एक सय) कित्ता सर्वसाधारण समुहको शेयरधारण गरेको र बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन/परिपत्र, बैंकको नियमावली तथा बैंकको सञ्चालक निर्वाचन निर्देशिका, २०७५ बमोजिम योग्य हुनुपर्नेछ ।

७. प्रोक्सी फाराम साधारण सभा शुरु हुने मिति २०८१/०९/२८ गते विहान ११ : ०० बजे भन्दा ४८ घण्टा अगावै अर्थात मिति २०८१/०९/२६ गते विहान ११ : ०० बजे भित्रमा दर्ता गराई सक्नु पर्नेछ ।

८. शेयरधनीको हाजिरी पुस्तिका साधारणसभा हुने दिन बिहान १० : ०० बजे देखि खुल्ला रहनेछ । साधारण सभामा हाजिर हुने शेयरधनी वा शेयरधनीको प्रतिनिधिले मात्र संचालक पदको निर्बाचनमा भाग लिन पाउनेछन् ।

९. तोकिएको समयभित्र रितपुर्वक दर्ता भएका प्रोक्सीको विवरण सक्कल अभिलेखहरु रुजु गरि सदर प्रोक्सी र बदर प्रोक्सीको जानकारी सम्वन्धित शेयरधनीहरुलाई साधारणसभाको हाजिर पुस्तिकामा दस्तखत गर्ने समयमा गराईनेछ ।

१०. मतदानमा सहभागी हुने शेयरधनीले आफ्नो शेयर प्रमाण पत्र वा हितग्राही खाता खोलिएको(**DEMAT**) वा नागरिकता प्रमाण पत्र वा फोटो सहितको परिचय पत्र साथै लिई उस्थित हुनु पर्ने छ ।

११. कुनै शेयरधनीले प्रतिनिधि पत्र वा मनोनयन पत्र वा अन्य कुनै कागजात पेश गर्दा पूर्ण विवरण भरी आफ्नो पुरा अंकको शेयरधनी नम्बर तथा हितग्राही(**DEMAT**) नम्बर(१६ अंकको) उल्लेख गर्नु पर्नेछ ।

१२. निर्बाचन सम्बन्धि अन्य बिषयहरु बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३, बैंकको संचालक निर्बाचन निर्देशिका २०७५, साधारण सभाको सुचना वा निर्बाचन अधिकृतले तोके बमोजिम हुनेछ ।

१३. निर्वाचन अधिकृतको कार्यालय बैंकको केन्द्रिय कार्यालय लाजिम्पाट काठमाण्डौमा खडा गरिएको हुँदा निर्बाचन सम्वन्धमा कुनै शेयरधनीलाई थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र सम्पर्क राख्न अनुरोध गरिन्छ ।

Machhapuchchhre Bank Ltd. Head Office

अधिवक्ता प्रभात भण्डारी
(निर्वाचन अधिकृत)
मिति : २०८१/०९/१६
समय : दिउँसो १:०० बजे